स्थानीय संवाद
GRASSROOTS DIALOGUE
Year 9 Issue 1 Poush 16-Falgun 17, 2077 Jan. - Feb. 2021

# एमसीसीले उदाङ्गिएको राजनीति

नेपालमा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजना कार्यान्वयनको विषयमा तिव्र ध्रुविकरण भैरहेका बेला अमेरीकाले नेपालका प्रधानमन्त्री शेर बहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाललाई संयुक्त पत्र पठाउदै आफुहरुले सम्झौता कार्यान्वयनको लागि लामो समय पर्खन नसक्ने भएकोले नेताद्वयले अशोज १३ गते एमसीसीसंग गरेको संयुक्त लिखित प्रतिवद्धता बमोजिम छिटो टुङ्गोमा पुग्न वा फागुन १६ गतेभित्र एमसीसी संसदबाट अनुमोदन गरिसक्न पत्राचार गरिसकेको छ। गत अशोजमा दक्षिण तथा मध्य एशियाली मामिला सम्वन्धी साहयक विदेशमन्त्री डोनाल्ड लु र उनका उपसहायक केल्ली किडर-लिंकले नेपाल-अमेरीकाको ७५ वर्षगाठको अवसर पारेर भएको भनिएको उच्च स्तरिय दुइदिने नेपाल भ्रमणमा प्रधानमन्त्री देउवा देखि सम्वन्धित विभागिय मन्त्रीहरु लगायत गठवन्धन दलका नेताहरु र प्रतिपक्षी नेतालाई भेटेर फर्किएका थिए। त्यसको केहि हप्ता अघि उक्त परियोजनाकी अध्यक्ष फतिमा जे. सुमारको भ्रमणका क्रममा भएको छलफल-बहसले तातेको नेपाली समाज सामान्य हुन नपाउदै प्रधानमन्त्री देउवाको बेलायतमा अमेरीकी राष्ट्रपति जो बाइडेन र एमसीसी अधिकारीसंग कुराकानी भएको विषयगत चर्चा कै सिलसिलेवर रुपमा एमसीसी परियोजनालाई अगाडि बढाउने सन्दर्भमा दवाव र प्रभाव बढाउने रणनीति अन्तर्गत यो भ्रमण भएको थियो, जुन त्यतिवेला लुको "नेपालले एमसीसी बारेमा छिटो निर्णय लियोस्" भनेबाट पनि बुझ्न सकिन्छ। अहिले डोनाल्ड लुले नेपालका तीन ठूला दलका नेता शेर बहादुर देउवा, केपी ओली र पुष्पकमल दहाललाई फोन गरेर सम्झौता अनुमोदन गर्न 'अन्तिम' आग्रह मात्र गर्दै एमसीसी संसदबाट पारित नभए अमेरिकाले नेपालनीति पुनर्विचार गर्ने धम्की दिएका छैनन्, यो नेपाली आफैले नभै छिमेकी चीनका दवावका कारण हुन नसकेको बुझ्ने भनेर नेपाल अमेरीकी द्विपक्षिय सम्वन्धलाई भुराजनीतिक, सामरिक, र बहुराष्ट्रिय देष्टिकोणले खिच्ने चेष्टा गरेको छ। उक्त धम्की र चीनको सहभागितालाई अमेरीकाले जोडेसंग नेपाललाई शक्ति राष्टले रणभुमी बनाउने त होइनन् भन्ने कुराले राजनीतिक र कुटनीतिक समुदाय चिन्तीत र तरंगीत भएको छ। नेपाल-अमेरीका कुटनीतिक सम्वन्धको ७५ वर्षबीचमा द्विदेशबीचको सम्वन्धमा सधै सौहार्दपुण सम्वन्ध रहेको र कहिल्यै अहिलेको जस्तो चिसिदो अवस्था नआएको अनुभवीहरु बताउछन्। अहिले यस्तो अवस्था किन आयो, यसको पछाडि कुन कुराले भुमिका खेल्यो, मुख्य रुपले को कति जिम्मेवार छन् र उत्तम विकल्प के हुनसक्छ भन्ने कुरा गहन विश्लेषण गर्न जरुरी देखिन्छ।

## आन्तरिक पाटो

परियोजना संसदबाट पारित गर्ने वातावरण बनाउन विस्तृत योजना सहित अमेरिकासंग पाँच महिनाको समय मागेका नेताद्वयले नेकपा एकिकत समाजवादी दलका नेता झलनाथ खनालको नेतृत्वमा एमसीसी परियोजना अध्ययन गरेर राय सुझाउने समिती गठन गर्ने बाहेक अघिल्ला चार महिना गम्भिरतापुर्वक खास काम गर्न सकेको देखिदैन। समितिमै भएका नेताहरु उत्तम विकल्पको खोजिमा अध्ययन-चिन्तन गर्नु र छलफल-बहस चलाउनुको सट्टा परियोजना संसदबाट पारित गर्न नहुने अडान पहिलेझै सार्वजनिक रुपमै प्रस्तुत गर्न छोडेनन, न त के गर्न सकिन्छ भनेर सरकारलाई समाधान उन्मुख ब्यवहारिक बुधागत सुझाव दिएर जिम्मेवारी पुरा गरे। नेपाली काँग्रेसले दलको कार्यसमितिमा छलफल गरि एमसीसी संसदवाट पारित गर्ने पक्षमा संस्थागत निर्णय गर्न सफल भएपनि जनता समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराइ बाहेक गठबन्दनका अन्य सबै दल र मुख्य नेता यहि अवस्थामा एमसीसी पारित गर्ने कुराको विपक्षमा छन। उनीहरु मनदेखि यो परियोजना राष्टघाति छ र पास गर्न हुदैन भन्ने पक्षमा छैनन् तर धरैपटक एमसीसीको विपक्षमा बोल्दै आएकोले नैतिक रुपले असहज छ, र आफ्नो फेस सेभिङ्ग गर्न सकेसम्म कुनै न कुनै रुपमा सझौता संशोधन गर्ने, त्यो नभए परियोजना पछि सारेर अर्को संसदीय चुनावसम्म थाती राख्ने र तत्काललाई मुतको न्यानो गर्ने, त्यो पनि संभव नभए जस अपजसको भारी सबैदलले दामासायीमा जिम्मालिने गरि सर्वसम्मतिमा मात्र परित गर्न सकिने रणनीतिक पक्षमा देखिन्छन्। उल्लेखित विकल्प हेर्दा भनिएझै राष्ट्रिय हित र सर्वभौमशत्तालाई केन्द्रमा राखिएको भन्ने कुरामा सहमत हुने कुनै आधार देखिदैन बरु आफैले उस्काएको जनदवाव थेग्ने वा मनाउने हिम्मत नभएर 'घात' गरेर जनता झुक्याउन खोजेको बुझ्न सकिन्छ। आफु सरकारमा हुदा एमसीसी परियोजना संसदमा निर्णयार्थ पेश गर्ने प्रकृया शुरु गरेको दावा गर्ने नेकपा एमाले अहिले प्रतिपक्षमा हुदा आफ्नो पुर्ववत अडान दोहोऱ्याएको छैन। उसले गठबन्दनमा सहभागि दलको निर्णय 'पर्ख र हेर'को अवस्थामा बसेको मात्र छैन, विगत चार महिनादेखि लगातार संसद नै अवरुद्ध गरेको छ। उसले संसद नखुलाएको खण्डमा प्रस्ताव टेबुल हुन सक्दैन, चाहेर नचाहेर एमाले पनि काँग्रेस इतरको कित्तामा पर्ने देखिन्छ। सन् २००८ मा बाबुराम भट्टराई देखि आजसम्म आइपुदा तीनैबटा ठुला दल (नेपाली काँग्रेस, नेकपा समाजवादी सहित एमाले र माओवादी) सहित राष्टिय जनमोर्चा र मधेशवादी दलहरु र प्रधान न्यायाधिस खिलराज रेग्मी नेतृत्वको सरकार समेत कुनै न कुनै निर्णयमा सहभागि भएर यहाँसम्म आइपुगेका भए पनि अहिले परियोजना विवादित बनाउनु र लागुगर्ने कुरा तिनै दलका नेताहरु एकमत हुन नसक्नले नेपालका नेताको गैरराजनीतिक चरित्र उदाङ्गिएको मात्र छैन तिनका कारण देशको कुटनीति र अन्तराष्ट्रिय सम्वन्धमा अविश्वास बढेको छ, छवि नै धमिलिन पुगेको छ।

सन् २०१७ मा बार्ताटोलीबीच सहमति भएर टुङ्गिसकेको एमसीसी सझौता लागु गर्नतिर लाग्न छोडेर अमेरीकाले लगातार संसदको अनुमोदन गराउन नेपाललाई दवाव दिनु, अमेरिकी जिम्मेवार ब्यक्तिहरुले नै अनेकथरी प्रतिक्रिया दिनु र अधिल्लो देउवा सरकारले झै अमेरिकालाई मनाउनुको सट्टा ओली सरकार संझौता संशोधनमा सहमत हुनुले नेपालमा एक खालको संसय पैदा गर्ने काम गऱ्यो। नेपालको बामपन्थी र दक्षिणपन्थी राष्ट्रबादी तप्काले यो परियाजना अमेरिकी विस्तारवादको रणनीतक परियोजना भएको र नेपालको लागि राष्ट्रघाती भएको ब्यख्या गरे। तत्कालिन परराष्टमन्त्री प्रदीप ज्ञावाली वासिङ्टन पुगेर र प्रधानमन्त्री ओलीले देशभित्र प्रतिबद्धता जनाएबमोजिम ओली नेतृत्वको सरकारले संसदमा प्रस्ताव लग्यो तर आफ्नै दलका सभामुखले टेबुल गरेनन्, दलभित्र अध्ययन टोली बनाएर अध्ययन

समुह बनाएर 'सहमतिको बाटो' खोजी भो, प्रतिपक्षले पक्षमा थियो तर नेकपा भित्र सहमति जुटाउन जोडबल गरेन। दुइतिहाइको नजिकको सरकार र प्रतिपक्ष पनि साथ भएको त्यो बेला प्रस्ताव मनदेखि लगेको भए त्यतिबेलै एउटा निर्णय हुन सक्थ्यो। सर्प पनि मर्ने, लौरी पनि नभाचिने हिसवाले सरकार अघि बढ्यो।

लोकतन्त्रको हिमायती हुँ भन्ने देशमा निरंकुश र सर्वशत्तावादी सरकारलाई जस्तो निर्णय र कार्यान्वयन गर्न सहज हुदैन, र विरोधीबाट सर्वसाधरणमा पऱ्याइएका वा फैल्याईएका एमसीसी विरुद्धका सबै भ्रम चिर्न नेपाली अधिकारीलाई सजिलो थिएन, तिनलाई सहयोग गर्नु अमेरिकाको पनि कर्तब्य थियो। एमसीसी पछिल्ला दिनमा इण्डो प्यासिफिक स्ट्राटेजी (आइपीएस्) अन्तर्गतको परियोजनामा पार्ने अभ्यास शुरु भए पनि नेपाल लगाएत पहिले भएको सम्झौता नितान्त विकास परियोजनाका रुपमा अघि बढ्ने भन्ने हिसावले सशंकीतहरुलाई आस्वस्त पार्न नसक्नु अमेरीकी कमजोरी रहयो। अहिले आएर नेपाल-अमेरीका सम्वन्धको उदेश्य नै एमसीसी परियोजना हो भनेझै गरि अमेरीकी सहायक विदेशमन्त्रिले नेपाली नेताहरुलाई फोन गरेर 'एमसीसी संसदबाट परित हुन्छ वा हुन्न छिटो निर्णय गर्ने, आफुले परियोजनाका प्रावधानमा कुनै संशोधन नगर्ने, परियोजनाको समयसिमा पनि थप नगर्ने, परियोजना लिने-नलिने नेपालको कुरा भएपनि नलिएमा यसलाई अमेरिकाले गम्भिरतापुर्वक लिने, चीनको कारणले यस्तो भयो भन्ने ठान्ने छौं' भनेको भन्ने समाचार बाहिरिएको छ। यसले सर्वसाधरण नेपालीलाई थप चिढाएको मात्र होइन कुटनीतिक बृत्तलाई चिन्तीत तुल्याएको छ। सम्झौता टुङ्गिएपछि पनि आफ्नो अनुकुल पत्राचार मार्फत नयाँ प्रावधान घुसाउन सफल अमेरिकालाई नेपालको संशोधान अनुरोधमा भने मेरो गोरुको बाऱ्है ठक्का भन्ने अतिवादीको रुपमा प्रस्तुत गरेको छ, र अमेरीका समस्या सहज हिसावले समाधान गर्नेतर्फ भन्दा बल्झाएर वा शक्तिको दम्भ देखाएर नेपाललाइ दवावमा राख्न र अफ्टेरो पार्न चाहन्छ भन्ने सन्देश प्रवाह भएको छ, जुन अमेरिकालाई सुहाउने कुरा होइन होला। किनकि सरकारले संसदमा प्रस्ताव प्रस्तुत गर्न सक्छ तर सांसदहरुलाई पास गर्न बाध्य पार्न सक्दैन। परित नभए सम्वन्धमै "पुनर्विचार गर्ने धम्की अलोकतान्त्रीक चरित्रको पनि पराकाष्टा हो। संसदमा छलफलका क्रममा केहि स्पष्ट पार्नपर्ने देखिएमा अमेरिकाले त्यो अवसर एकपटक दिनुपर्छ।

## भुराजनीतिक पाटो

अर्को बुझेर वा नबुझिकन नेपाली समाज चीन अमेरीका मात्र होइन विआरआइ र एमसीसी परियोजना एक अर्काका प्रतिष्प्रर्धी भएको भन्ने मनोगत विश्लेषण, राजनीतिक आस्था र कतिपय द्धिदेशका सम्वन्धका आधारमा विभाजित छन्। अमेरीकालाई विस्तारवादी देख्ने राजनीतिक ब्यक्ति र समुहहरु एमसीसीको जन्मजात विरुद्ध देखिन्छन् भने नेपालको 'प्रो चिन क्लस्टर' उक्त परियोजना चीनलाई घेरावन्दी गर्ने, अमेरीकी सेना नेपालमा वेश गर्ने र चीनविरुद्ध युद्ध छेड्ने ' ग्रण्ड डिजाइन' अन्तर्गत भएको भन्ने चिन्ता प्रकट गरेको देखिन्छ। एमसीसी नेपालको लागि 'विष' भएको र यस मार्फत नेपालमा 'अमेरीकी सेना आउने' भाष्य सिर्जना गरेर यमसिसि विरुद्धका मतलाई मलजल गर्न र भड्काव लैजान चिनका अधिकारी र बुद्धिजिवीहरु पनि अहोरात्र लागिपरेको अमेरीकी बुझाइ छ। बिआरआइ अन्तरगत रिणमा समेत परियोजना छनौट गर्न र छनौट भएका परियोजनाहरु टुङ्गोमा पुऱ्याउन हिच्किचाइरहेको चीनका लागि अमेरीकी अनुदानमा सम्पन्न हुन लागेको भारतहुदै अन्य दक्षिण एशियाली देशसंग जोडिने सम्भाव्यता बोकेको नेपाली परियोजना भौतिक र मनोबैज्ञानिक चुनौति सावित भएको छ भन्ने कुरा चीनीया राजदुतको नेपाली नेताका सिजनल घरदैलो र चीनबाट अधिकारीबाट दलका नेतालाई लाग्ने फोनकल, भिडियोवार्ता र छलफलबाट पनि अनुमान गर्न सकिन्छ ।

परियोजना सम्वन्धमा रस्साकस्सी चलिरहदा चिनीया कम्युनिष्ट पाटीको अन्तर्राष्टि विभागका उपमन्त्री छन् चौले २७ मंसिरमा नेकपा एमालेका महासचिव शंकर पोखरेल, त्यो भन्दा अगाडि माधव कुमार नेपालसंग वार्ता, र माघ २५ गते चीनीया कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुख शोङथाओबीच पुष्पकमल दहालको भिडियोवार्ता, र पुष ७ गते चीनीया राजदुत होउ यान्छी नेकपा एमाले अध्यक्षलाई भेट्न उनको निवास बालकोट पुगेको समाचार बाहिरिएको थियो। परिणाम स्वरुप "नेपालमा चीनीया स्वर्थलाई अवमुल्यन गर्ने क्रियाकलापको विपक्षमा रहने', "नेपालमा लागुहुने विकास परियोजनाबारे जिज्ञासा राखेको', "छिमेकीहरुलाई असर गर्ने र नेपाललाई अमेरीकी सैन्य गठबन्धनमा समावेश गर्ने भएमा यसलाई अस्वीकार गर्ने,' नेपालको भुमि हुदै चीन विरुद्ध गतिविधि हुन नदिने जस्ता नेताद्वयहरुबाट बाहिरिएका विचार तथा बक्तब्यहरुबाट पनि चीनको चासो र दवाव थप प्रष्ट हुन्छ। साथै, "एमसीसी चीनलाई घेर्ने रणनीति अन्तर्गत आएकोले आफुले अघिबढ्न नदिएको' भन्ने कृष्ण बहादुर महराको भनाई, "विकासका नाममा चीनलाई अफ्टेरो पर्ने गतिविधि भए उसले हेरेर नबस्ने सन्देस प्रवाह गर्दै आइरहेको' भन्ने पुर्व राजदुतहरुको भनाई, र 'चीनको चाहना एमसीसी कार्यान्वयन नहोस भन्नेमा रहेको शंका छैन, उसले प्रष्टै रुपमा राजनीतिक नेतृत्वलाई आफ्नो इच्छा सुनाइसकेको' नेपाली अधिकारीको भनाइ बाहिर आएबाट पनि प्रमाणीत हुन्छ। एमसीसी होस् वा विआरआइ, यी क्रमश अमेरीका र चीनका रणनीतिक परियोजना नै हुन् र नेपालले दुबैलाई आफ्नो राष्ट्रिय हित अनुकुल तय गरिएको प्राथमिकताको क्षेत्रमा द्विपक्षिय सम्वन्ध र विश्वासको आधारमा परिचालन गर्ने हो। एमसीसी परियोजना सम्वन्धमा नेपालीले चीनको सुरक्षा प्रतिकुल हुन नदिने कुरामा चीनलाई आस्वस्त पार्न सकेको देखिदैन भने अमेरीकासंग गरेका सहमतिप्रति प्रतिवद्ध र इमानदार रहने कुरा आस्वस्त गर्न सकेको पनि देखिदैन। भित्रभित्र विदेशीसंग उनका चासो र एजेण्डामा सोचविचार नगरि सहमती जनाउने तर बाहिर विरोध गर्ने नेताहरुको दोहोरो चरित्रका कारण विश्व शक्तिराष्ट्रले विश्वास गर्न नसक्ने अवस्था आउनु नेपालको लागि दुखद हो।

## विकल्प

एमसीसी परियोजना संसदबाट पारित गर्नुको अर्को उत्तम विकल्प देखिदैन। ओली सरकारले अडान राख्न सकेर सहमतिमा थप संसदबाट परित गर्ने प्रावधान नथपेको भए, त्यहि अवस्थामा लागु हुने काम अगाडि बढ्न सक्थ्यो, नेपाल सरकार नै सहमत भएर प्रावधान थपेपछि हामीसंग यसबाट पछि हट्ने राजनीतिक र नैतिक आधार छैन। दोश्रो, अव राजनीतिक हिसावले मात्र होइन आम नागरिकको तहसम्म यसको पक्षविपक्षमा समाज ध्रुविकृत भैसकेको छ। जनप्रतिनिधिका हैसियतले पनि त्यसको छलफल र निर्णय गर्ने बैधानिक ठाँउ सार्वभौम संसद बाहेक अर्को निकाय हुन सक्दैन। तेश्रो, सहमतिमा कतिपय अन्तराष्टिय अभ्यास र कानुन लागुहुने प्रावधानहरु छन्, एमसीसी संसदबाट पारित गरियो भने यो नेपालको कानुनको अंश बन्छ, जस्ले गर्दा अहिले उठाइएका कानुनी जटिलताहरु स्वत संबोधन हुन्छन्। यसले नेताहरुलाई जिम्मेवार र जवाफदेहिता, प्रतिवद्धता पुरा गराउछ। यो परियोजना असफल भएको खण्डमा नेपालमा अन्य कुनै ठुला परियोजनामा बाहिय सहयोग आउदैनन् र आइसकेका पनि कार्यान्वयन हुन कठिन छ।

Advisors : Prof Lok Raj Baral, Vijay Pratap, Uddhab Pyakurel
Editors : Prof. Deo Kumari Gurung, Ram Saran Sapkota
Design & Layout : Samaj Bigyan Adhyan tatha Paramarsha Kendra Pvt. Ltd., KTM

For subscription, comments and suggestions
sadednepal@gmail.com

Supported By